म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १०१ २०८२ फागुन १७ गते आइतबार 29 February 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।**

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ ।
- मतदान बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### मकवानपुरमा चुनावी सरगर्मी

# विकास, सुशासन र समृद्धिका एजेन्डा र उम्मेदवारहरुको प्रतिवद्धता

**वर्षौंदेखि थाती रहेको यो समस्या समाधान गरी जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गर्ने र कानूनी अड्चनहरू फुकाउने प्रतिबद्धता सबै दलको साझा एजेन्डा बनेको छ । हेटौंडालाई व्यवस्थित र आधुनिक सहरका रूपमा विकास गर्ने सोचमा उम्मेदवारहरूबीच मतऐक्यता देखिएको छ ।**

समाज संवाददाता

हेटौंडा : फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरका दुवै निर्वाचन क्षेत्रमा उम्मेद्वारको घरदैलो अन्तिम चरणमा पुगेको छ । निर्वाचनमा होम्मिएका राजनीतिक दल तथा उम्मेदवारहरु विभिन्न मुद्दा बनाएर चुनावी मैदानमा रहेका छन् ।

घरदैलो, टोल तथा गाउँसभामा आफ्ना मुद्दासहित मतदाता भेटघाटमा उनीहरु व्यस्त छन् । केही दलहरुले ठूला तथा वृहत सभाहरु आयोजना गरेपनि अधिकांश दल तथा उम्मेदवारले घरदैलो र मतदाता भेटघाटलाई नै प्राथमिकतामा राखेका छन् । आम निर्वाचनको नतिजा आफ्नो पक्षमा पार्न प्रमुख दलहरुले लिखित घोषणापत्रहरु समेत सार्वजनिक गरेका छन् । मौन अवधि अघिका समयमा प्रमुख दल तथा उम्मेदवारहरुले आ-आफ्नो संकल्प र प्रतिवद्धतापत्र सार्वजनिक गर्दै मतदाता रिझाउन व्यस्त रहेका छन् । पूर्वाधार विकास, सुशासन, शिक्षा, स्वास्थ्य र सुकुम्बासी समस्याको समाधान यसपटक सबैजसो दलका साझा एजेन्डा बनेका छन् ।

मकवानपुरका सबैजसो उम्मेदवारहरुले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्यालाई प्राथमिकतामा राखेका छन् । वर्षौंदेखि थाती रहेको यो समस्या समाधान गरी जग्गाधनी पुर्जा (लालपुर्जा) वितरण गर्ने र कानूनी अड्चनहरु फुकाउने प्रतिबद्धता सबै दलको साझा एजेन्डा बनेको छ । हेटौंडालाई व्यवस्थित र आधुनिक सहरका रुपमा विकास गर्ने सोचमा उम्मेदवारहरुबीच मतऐक्यता देखिएको छ । हेटौंडा चक्रपथ (रिङरोड) निर्माण, वैकल्पिक मार्गहरुको खोजी र सडक विस्तारका क्रममा प्रभावित हुने नागरिकको सम्पत्तिको हक तथा उचित मुआब्जा सुनिश्चित गर्ने विषयलाई सबैले जोड दिएका छन् भने ग्रामीण क्षेत्रका सडकहरुको स्तरोन्नति र बाह्रै महिना यातायात चल्ने बनाउने योजना पनि साझा छ ।

सामुदायिक विद्यालयको गुणस्तर सुधार, प्राविधिक र सीपमूलक शिक्षाको विस्तार तथा 'पढ्दै कमाउँदै' कार्यक्रम धेरैजसो उम्मेदवारको प्राथमिकतामा परेको छ । स्वास्थ्यतर्फ हेटौंडा अस्पतालको सेवा विस्तार, हरेक स्थानीय तहमा विशेषज्ञसहितको अस्पताल र विपन्नका लागि निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउने विषयमा सबैको एकमत देखिएको छ । कृषिलाई व्यावसायीकरण गर्ने, किसानलाई समयमै मल र बीउ उपलब्ध गराउने तथा उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने प्रतिबद्धता साझा छ । विशेषगरी मकवानपुरको सन्दर्भमा गाँजा खेतीलाई औषधीय र औद्योगिक प्रयोगका लागि कानूनी वैधानिकता दिनुपर्ने एजेन्डा धेरैजसो उम्मेदवारले आफ्नो प्रतिबद्धता पत्रमा समावेश गरेका छन् ।

वैदेशिक रोजगारीमा जाने युवा शक्तिलाई जिल्लामै रोक्न युवा उद्यमशीलता र स्टार्टअपका लागि सहुलियतपूर्ण ऋण, सीपमूलक तालिम र रोजगारीका अवसरहरु सिर्जना गर्ने दावी सबै उम्मेदवारहरुले गरेका छन् । औद्योगिक क्षेत्रको विस्तार र स्थानीय उद्योगलाई प्रोत्साहन गर्ने विषय पनि सबैको साझा छ भने ऐतिहासिक मकवानपुरगढीको संरक्षण, बागमती र राप्ती नदी किनारमा पर्यटकीय पूर्वाधार निर्माण तथा धार्मिक एवम् पर्यटकीय क्षेत्रहरुलाई जोडेर 'पर्यटन सर्किट' विकास गर्ने, तामाङ, चेपाङ लगायतका जनजाति समुदायको भाषा र संस्कृतिको जगेर्ना गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । सेवा प्रवाहलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाउने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउने र सुशासन कायम गर्ने प्रतिबद्धता सबै उम्मेदवारको संकल्पपत्रको सुरुवातमै उल्लेख छ ।

### कांग्रेसको 'विद्युतीय सुशासन' र भ्रष्टाचारमुक्त सेवा प्रवाह

नेपाली कांग्रेसको तर्फबाट मकवानपुर-१ मा महाललक्ष्मी उपाध्याय 'डिना' र मकवानपुर-२ मा बुद्ध लामा उम्मेदवार छन् । उनीहरुले कांग्रेसको केन्द्रीय संकल्पसहित छुट्टै मुद्दाहरु समेटेर प्रतिवद्धता समेत सार्वजनिक गरेका छन् । उनीहरुले 'विद्युतीय सुशासन' र भ्रष्टाचारमुक्त सेवा प्रवाहमा जोड दिएका छन् । हेटौंडाको मुख्य बजार क्षेत्रमा १६ मिटर सडक कायम गरी पर्यटन मार्ग विकास गर्ने, सरकारी इन्जिनियरिङ कलेज र आइटी अनुसन्धान केन्द्र स्थापना गर्ने योजना उनीहरुले अघि सारेका छन् । ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा र कृषितर्फ '८ अ' (अदुवा, आलु, अकबरे आदि) अभियानमार्फत व्यावसायीकरण गर्ने उनको प्रतिवद्धता छ ।

मनहरीमा ट्रमा सेन्टर निर्माण, गाँजाको वैधानिकतासहित व्यावसायिक तथा औषधीजन्य उत्पादनको पहल गर्ने उनीहरुको संकल्प रहेको छ । ग्रामिण क्षेत्रको सडक पूर्वाधार विकासमा जोड दिँदै आर्थिक उपार्जनका लागि विभिन्न स्रोतको खोजीका लागि कार्यक्रम तयार गर्ने योजना उनीहरुले प्रतिवद्धतापत्रमा उल्लेख गरेका छन् ।

सार्वजनिक निकायमा हुने दलीय भागबण्डा र राजनीतिकरणलाई पूर्णरुपमा निषेध गर्ने र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाउँदै विधिको शासन स्थापना गर्ने, लगानीमैत्री कानून र कर प्रणालीको विकास गर्ने, 'पढ्दै कमाउँदै' कार्यक्रममार्फत युवाहरूलाई डिजिटल सीप र स्वरोजगारमा जोड्ने, सबै नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा सुनिश्चित गर्न बीमा कार्यक्रमलाई प्रभावकारी बनाउने र शिक्षालाई सीपसँग जोड्ने, समस्याग्रस्त सहकारीका बचतकर्ताहरुको बचत फिर्ता गराउने र सवल सहकारीमार्फत आर्थिक सशक्तीकरण गर्ने, किसानलाई मल, बीउको सुलभ उपलब्धता गराउने र उत्पादनको उचित बजार मूल्य सुनिश्चित गर्दै 'किसानको मूल्यमा उपभोक्तालाई ताजा नेपाली उत्पादन' पुऱ्याउने, गाउँमै सहरको सुविधा पुऱ्याउने, सुरक्षित सडकको विकास गर्ने र जलविद्युतलाई आर्थिक आर्जनको मुख्य स्रोत बनाउने योजना उनीहरुले अघि सारेका छन् ।

### एमालेले स्थिरता, सुशासन र मध्यवर्ती क्षेत्रको समस्या हल गर्ने

नेकपा एमालेका मकवानपुर-१ मा रामेश्वर राना र मकवानपुर-२ मा महेश कुमार बर्तौला उम्मेदवार रहेका छन् । उनीहरुले राष्ट्रिय स्वाधीनता र स्थिरतालाई मुख्य एजेन्डा बनाएका छन् ।

हेटौंडा बजारको व्यवस्थित विकाससँगै ग्रामिण सडकको स्तरोन्नतिका लागि गुरुयोजना तयार गर्ने उनीहरुले योजना बनाएका छन् । मध्यवर्ती क्षेत्रको समस्या हल गर्ने, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र मध्यवर्ती क्षेत्रको सिमाना हेरफेरको विषय प्राथमिकताका साथ समावेश गरिएको छ । 'एक पालिका-एक आवासीय विद्यालय' र 'खोरेतमुक्त मकवानपुर' मौलिक कार्यक्रमसहित उनीहरुको प्रतिबद्धतामा उल्लेख छ ।

मनहरीमा मदन भण्डारी क्षेत्रीय रंगशाला निर्माणको योजना अघि सारेका छन् । हेटौंडा र मयूरधाप औद्योगिक क्षेत्रको विस्तार, सुकुम्बासीलाई जग्गाधनी पुर्जा वितरण र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सुदृढीकरण, सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचनाबाट युवालाई सचेत गर्ने योजनाहरु एमालेले लिएको छ ।

### नेकपाको 'ग्रेटर हेटौंडा' र महानगरको भिजन

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट मकवानपुर-१ मा विजय गौतम र मकवानपुर-२ मा लवशेर विष्ट उम्मेदवार रहेका छन् । उनीहरुले सुशासन र पारदर्शिता सहितको सेवा प्रवाहलाई प्राथमिकताका साथ प्रतिबद्धतापत्रमा समावेश गरेका छन् ।

पूर्वाधार विकास, उद्यमशीलताका लागि सीप तथा पर्यटन क्षेत्रको विकासमा प्रविधिको प्रयोग जस्ता योजनाहरु उनीहरुले अघि सारेका छन् । हेटौंडाको दीर्घकालीन विकासका लागि 'ग्रेटर हेटौंडा चक्रपथ' र हेटौंडालाई महानगरपालिका बनाउने उनीहरुको योजना रहेको छ । नदी करिडोर निर्माण, राजमार्ग विस्तारका पीडितलाई उचित मुआब्जा र 'एक सामुदायिक वन, एक उद्यम' जस्ता नवीन एजेन्डाहरु आफ्नो प्रतिबद्धता पत्रमा समेटेका छन् ।

थाहा नगरपालिका, कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिकाको पर्यटन विकासका लागि गुरुयोजना तयार गर्ने, कृषिमा औद्योगिक तथा आधुनिकीकरणसहित उत्पादन वृद्धिका लागि कार्यक्रम तयार गर्ने जस्ता कार्यक्रम उनीहरुको प्रतिबद्धतामा समावेश रहेको छ । हेटौंडा तथा मयूरधाप औद्योगिक क्षेत्र विस्तार, साना र घरेलु उद्योग प्रवर्द्धन, युवालाई सहुलियत ऋणमार्फत उद्यमशीलता विकास, ऐतिहासिक मकवानपुरगढी दरबार संरक्षण, गुणस्तरीय सामुदायिक विद्यालय र प्राविधिक शिक्षा केन्द्र स्थापना गर्ने, गाउँपालिकास्तरमा सुविधासम्पन्न स्वास्थ्य केन्द्र, आमा-बाल तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम, प्राकृतिक स्रोत संरक्षण र बाढी-पहिरो नियन्त्रणका लागि दीर्घकालीन योजना, चुरे संरक्षण, हरित ऊर्जा प्रवर्द्धन र 'एक सामुदायिक वन, एक उद्यम' कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता नेकपाका उम्मेदवारको रहेको छ ।

### रास्वपाको डिजिटल सुशासन र स्मार्ट सिटी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट मकवानपुर-१ मा प्रकाश गौतम र मकवानपुर-२ मा प्रशान्त उप्रेती उम्मेदवार रहेका छन् । उनीहरुले 'सुशासन, समुन्नति र समृद्धि' को नारासहित डिजिटल सुशासनमा जोड दिएका छन् । हेटौंडा बजार क्षेत्रको व्यवस्थित विकास, पर्यवरणीय अवधारणा सहितको विकासमा उनीहरुको जोड रहेको छ ।

भूमिहीन, अव्यवस्थित बसोबासी र पुर्जा नभएका जग्गाको समस्यालाई स्थायी रूपमा समाधान गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ भने शिक्षा क्षेत्रमा 'सीप/रोजगारी' को अवधारणा 'पढ्दै कमाउँदै' मोडल र वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप उपयोग गर्ने, प्राविधिक तथा डिजिटल शिक्षाको विस्तार र प्रादेशिक अस्पतालको स्तरोन्नति गर्ने प्रतिवद्धता रहेको छ । हेटौंडा बजार विस्तार, चित्लाङ-दामन-मार्खु-राक्सिराङ-मनहरी एकीकृत पर्यटन कोरिडोर र हेटौंडा आसपासलाई 'स्मार्ट सिटी' बनाउने संकल्प उनीहरुको रहेको छ ।

स्थानीय संस्कृति (चेपाङ, तामाङ लगायत) मा आधारित पर्यटनलाई बढावा दिने योजना अघि सार्नुभएको छ । कृषि क्षेत्रमा बीउ, मल, सिँचाइ र बजारको सुनिश्चितता गर्दै कृषिलाई आधुनिकीकरण गर्ने, सरकारी सेवालाई अनलाइनमार्फत पारदर्शी बनाउने, सार्वजनिक खरिद र कर प्रणालीमा सुधार गर्ने, वन्यजन्तु र मानवबीचको द्वन्द्व समाधानका लागि बीमा र सुरक्षात्मक पूर्वाधारको व्यवस्था गर्ने, सुरक्षित वैदेशिक रोजगारीका लागि कडा नीति नियम बनाउने र युवाहरूलाई खेलकुदका माध्यमबाट अनुशासन र नेतृत्व विकासमा जोड्ने, बाढी, पहिरो र भू-क्षय नियन्त्रणका साथै चट्याङको जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय छात्रवृत्ति मार्फत प्रविधि अध्ययनमा जोड दिने प्रतिवद्धता व्यक्त गरिएको छ ।

# इरानमाथि इजरायल र अमेरिकाको भीषण हमला

काठमाडौं : इजरायल र अमेरिकाले संयुक्त रूपमा इरानका विभिन्न रणनीतिक स्थानहरूमाथि "प्रि-एम्प्टिभ" (अग्रिम सुरक्षात्मक) हवाई आक्रमण सुरु गरेका छन् । यो आक्रमण सन् २०२५ को जुन महिनामा भएको १२ दिने हवाई युद्धपछिको सबैभन्दा ठूलो र निर्णायक सैन्य कारबाही मानिएको छ । इजरायली सेना (आइडीएफ) ले यस अभियानलाई 'अपरेसन शिल्ड अफ जुडा' नाम दिएको छ । यो कारबाही इरानको आणविक कार्यक्रम र ब्यालिस्टिक क्षेप्यास्त्र क्षमतालाई ध्वस्त पार्ने उद्देश्यले गरिएको इजरायली रक्षा मन्त्रालयले दाबी गरेको छ ।

इरानले पनि प्रतिरक्षात्मक आक्रमण सुरु गरेको अन्तर्राष्ट्रिय सन्चार माध्यमहरुले जनाएका छन् । स्थानीय समय अनुसार शनिबार बिहानै तेहरानको आकाशमा शक्तिशाली विस्फोटका आवाजहरु सुनिए । इरानको सरकारी समाचार एजेन्सी 'फार्स' का अनुसार, तेहरानको जम्हुरी क्षेत्र र युनिभेर्सिटी स्ट्रीटहरूमा धेरै क्षेप्यास्त्रहरू खसेका छन् । यो क्षेत्र इरानको राजनीतिक शक्तिको केन्द्र मानिन्छ, जहाँ सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको कार्यालय समेत रहेको छ । विस्फोटको तीव्रता यति भयानक थियो कि तेहरानका उत्तरी र मध्य भागका घरहरू हल्लिएका थिए । सहरका धेरै भागहरूमा बाक्लो कालो धुवाँको मुस्लो देखिएको छ । तेहरानको मेहराबाद विमानस्थल नजिकै पनि आक्रमण भएको खबर छ, जसका कारण इरानले आफ्नो सम्पूर्ण हवाई क्षेत्र तत्कालका लागि बन्द गरेको छ।

आक्रमण सुरु भएलगत्तै इजरायली रक्षामन्त्री इजरायल काट्जले तेल अभिभबाट राष्ट्रका नाममा सम्बोधन गर्दै यो कदम इजरायलको सुरक्षाका लागि अनिवार्य रहेको बताए । उनले भने, "इजरायलले इरानबाट आउन सक्ने तत्कालीन र अस्तित्ववादी खतरालाई निर्मूल पार्न यो 'प्रि-एम्प्टिभ' प्रहार गरेको हो । हामी हाम्रा नागरिकको रक्षाका लागि कुनै पनि हदसम्म जान तयार छौं ।" यससँगै इजरायलभरि 'राष्ट्रिय संकटकाल' घोषणा गरिएको छ । नागरिकहरूलाई सुरक्षित बंकरमा रहन र विद्यालय तथा सार्वजनिक स्थलहरू बन्द गर्न निर्देशन दिइएको छ । इजरायली सेनाले सम्भावित इरानी जवाफी हमलाको सामना गर्न आफ्नो 'आइरन डोम' र नयाँ 'आइरन बिम' (लेजर आधारित सुरक्षा प्रणाली) लाई उच्च सतर्कतामा राखेको थियो ।

यस पटकको आक्रमणमा अमेरिकाको भूमिका केवल सहयोगीमा मात्र सीमित छैन। अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका अनुसार, अमेरिकी वायुसेना र नौसेनाले यस अपरेसनमा सक्रिय सहभागिता जनाएका छन् । शुक्रबार ह्वाइट हाउस बाहिर सञ्चारकर्मीहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानमाथि सैन्य आक्रमण गर्ने विषयमा हालसम्म कुनै "अन्तिम निर्णय" नभए पनि वार्ताको वर्तमान अवस्थाप्रति आफू खुसी नभएको अभिव्यक्ति दिएका थिए । राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले इरानलाई आफ्नो आणविक हतियार निर्माण प्रक्रिया रोक्न दिएको अन्तिम चेतावनीको समयसीमा सकिएलगत्तै यो आक्रमण सुरु भएको हो । अमेरिकी नौसेनाका दुई ठूला विमानवाहक जहाजहरू, यूएसएस जेराल्ड आर फोर्ड र यूएसएस अब्राहम लिंकन, पर्सियन खाडी नजिकै तैनाथ गरिएका छन् । ती जहाजहरूबाट उडेका एफ-३५ र एफ-२२ जस्ता अत्याधुनिक लडाकु विमानहरूले इरानका सैन्य पूर्वाधारहरूमा बमबारी गरेका छन्। अमेरिकी अधिकारीहरूले यसलाई "सानो स्तरको हमला" नभएर इरानको सैन्य ढाँचालाई नै कमजोर बनाउने बृहत् योजना भएको बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ

...बाँकी पृष्ठ ३ मा

# विश्वव्यापी रक्तदान कार्यक्रममा २ सय जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : हेटौंडामा जीवन बचाउने वृहत् रक्तदान कार्यक्रम भएको छ । शनिबार भएको रक्तदान कार्यक्रममा २ सय जनाले रक्तदान गरेका छन् । विश्वव्यापी कल्याणकारी संस्था वी लभ यू फाउन्डेसनद्वारा नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाको सभाहलमा ८८१ औं विश्वव्यापी रक्तदान कार्यक्रम भएको थियो ।

मानिसहरूलाई रक्तदानमा निरन्तर रुचि राखेर सहभागी हुनलाई प्रोत्साहित गर्ने र जीवन बाँड्नुको महत्व बुझाउन सो कार्यक्रमको आयोजना गरिएको थियो । वी लभ यूको 'विश्वव्यापी रक्तदान कार्यक्रम' एक जनाको रक्तदान दुई जना, चार जना हुँदै फैलिएर आदानप्रदानको सद्गुण चक्र निर्माण गर्ने उद्देश्य रहेको विश्वव्यापी जीवन बचाउने अभियान हो ।

कोरियाबाट विगत २० वर्षदेखि विश्वका ठाउँ-ठाउँमा आयोजना हुँदै आएको यो कार्यक्रम रगतको खाँचो परेका छिमेकीहरूका लागि बलियो सहारा बनेको छ । गत वर्षसम्म ६४ देशहरूबाट एक लाख ३७ हजार जना सहभागी भएर ६२ हजार जनाभन्दा बढीले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको आतिथ्य रहेको थियो । कार्यक्रममा बोल्दै मुख्यमन्त्री बानियाँले मानवीय सेवाले ओतप्रोत भएर जीवनको सबैभन्दा ठूलो दान रक्तदान रहेको बताउनुभयो । समान माया दिने आमाजस्तै मानव हितका निम्ति विभिन्न क्षेत्रमा कार्य गरिरहनुभएहरूसँग बागमती प्रदेश सरकारले सहकार्य गर्ने बताउनुभयो ।

वी लभ यूले नेपालमा विभिन्न स्वयम्सेवा गतिविधिहरूमार्फत स्थानीय समुदायमा योगदान पुऱ्याउँदै आएको छ । यसले विद्यालयहरूमा टिभी, स्कूल झोला, लुगा र पंखा सहयोग, स्कूल साइनबोर्ड जडान तथा घेराबार मर्मतजस्ता कार्यहरू गरेर भावी पुस्तालाई पनि सक्रियरूपमा सहयोग गरेको छ । त्यसैगरी वातावरण कल्याण गतिविधि रहेको 'क्लिक वर्ल्ड अभियान' र वृक्षरोपण गरेर हरितगृह ग्याँस न्यूनीकरण गर्ने 'आमाको उद्यान' परियोजनामार्फत बस्नको लागि दिगो ठाउँ बनाउँदै राष्ट्रिय विपद्लाई जित्ने कार्यमा पनि सरिक भएको छ ।

## सम्पादकीय

# भोटको राजनीति

राजनीतिलाई जनसेवा भन्ने गरिन्छ । राजनीति समाजसेवा हो । राज्यको नीतिलाई राजनीति भन्ने गरिए पनि कुनै पनि देशको व्यवस्था र अन्य राष्ट्रसँग कूटनीतिक सम्बन्ध ठिक राख्ने सरकारको नीति वा व्यवहारगत व्यवस्थालाई राजनीति भन्ने गरिएको छ । नीति निर्माणको वैधानिक अंग पनि राजनीति हो ।

राजनीतिक व्यवस्था सञ्चालन गर्ने काम राजनीतिक दलले गर्दछ । राजनीतिक दलको सिद्धान्त र व्यवहार भन्दा पनि दलको नेतृत्व राजनीतिमा हावी हुँदा राजनीतिप्रति नै वितृष्णा बढेको आभाष हुने गरेको छ । आवश्यकता भन्दा बढी राजनीतिक दलहरु सक्रिय रहनु, राजनीतिक नेतृत्व देश र जनताप्रति भन्दा सत्ता र स्वार्थप्रति केन्द्रित हुनुले राजनीतिमा विकृति देखिने गरेको हो । नेपालको सन्दर्भमा राजनीतिमा सैद्धान्तिक दृष्टिकोण, नेतृत्वको इमान्दारिता र प्रभावकारिता केही छैन । निर्वाचनको समयमा विभिन्न स्टन्टबाजी गरेर मतदातालाई प्रभावित पार्दै सत्ता र शक्तिमा पुग्ने माध्यम राजनीति बनिरहेको छ । मतदाताको बाध्यता र कमजोरीमा टेकेर आश्वासन बाँड्दै निर्वाचन अघि भोट माग्ने र निर्वाचन पछि बेखबर हुने समस्याले मुलुकको राजनीतिलाई नराम्ररी गाँजेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन ५ दिन बाँकी छ । यतिखेर निर्वाचन प्रचारप्रसारको उत्तरार्द्ध अवस्था छ । निर्वाचनमा सबैजसो राजनीतिक दल तथा उम्मेदवारले मतदातालाई प्रभावित पार्न अनेकौं आश्वासन दिने गर्दछन् । निर्वाचनमा विजयी वा पराजयी जे भए पनि त्यसपछि गायबजस्तै हुन्छन् । निर्वाचनको समयमा गाउँबस्ती डुलेर अनेकौं स्टन्टबाजी गर्दै मतदातालाई भोटबैंकको रुपमा प्रयोग गर्ने परिपाटीले नेपालीलाई दिक्दार बनाइसकेको छ । हेटौंडा बजार नजिकै रहेको सिमलटारका भूमिहीन सुकुम्बासीहरुले पनि हरेक चुनावमा जग्गाधनी पूर्जाको आश्वासन प्राप्त गर्दछन् । चुनावैपिच्छे दल र उम्मेदवारहरुले जग्गाधानी पूर्जा (लालपूर्जा) उपलब्ध गराउने आश्वासन दिन्छन् । चुनाव आउँछ जान्छ तर, उनीहरुको हातमा न लालपूर्जा हुन्छ, न बसिरहेको थात्थलोको भोगाधिकार ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-११, सिमलटार सबैभन्दा धेरै घर धुरी भएको टोल विकास संस्था हो । जहाँ २ हजार ३ सय बढी घरधुरी छ । तर, यहाँका बासिन्दासँग आफू बसोबास गर्दै आएको जग्गाको लालपूर्जा छैन । उनीहरुको यो समस्या अहिलेको होइन, दशकौंदेखि यो समस्या भोग्दै आएका उनीहरुको समस्या समाधान उन्मुख देखिँदैन । पक्की सडक, खानेपानी, बिजुली र ढल निकास सबै सुविधा पुगेको सिमलटारमा लालपूर्जा नहुँदा स्थानीय ढुक्क हुन सकेका छैनन् । निर्वाचनको समयमा भोट माग्न आउने सबै उम्मेदवारलाई सिमलटारबासीको पहिलो प्रश्न हुन्छ- "हाम्रो लालपूर्जा खोइ ?" २ हजार ३ सयभन्दा बढी घरधुरी रहेको यस क्षेत्रलाई उम्मेदवारले "भोटबैंक" सुरक्षित राख्न आश्वासन दिएर भोटको राजनीति गर्न भने छाडेका छैनन् ।

हरेक निर्वाचनमा आफूलाई भोट दिएर जिताए लालपूर्जा पाइन्छ भन्दै उम्मेदवारले आश्वासनमात्रै दिने गरेका छन् । यसपटक पनि सिमलटारबासीले सबैजसो राजनीतिक दलका उम्मेदवारलाई लालपूर्जाको ग्यारेन्टी माग गरेपछि सबैले लालपूर्जा दिलाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सिमलटारमात्र होइन हरेक गाउँबस्तीका कुनै न कुनै समस्या हुन्छन् । ती समस्या निर्वाचनको समयमा उम्मेदवारलाई सुनाइन्छ । उम्मेदवारहरुले पनि भोटको राजनीति गर्दै जहाँ जे समस्या छ त्यो पूरा गर्ने आश्वासन दिन्छन् । विजयी भएपछि आफूले गर्न सक्ने वा नसक्ने भन्दा पनि भोटबैंक सुरक्षित राख्न उम्मेदवारले सहजै प्रतिबद्धता र आश्वासन व्यक्त गर्दछन् । यस्तो भोटको राजनीति कायम रहँदासम्म सिमलटारमात्र होइन सबैतिरका जनता आश्वासनमै बाँच्नुपर्ने बाध्यता रहन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सामाजिक जिम्मेवारी बढ्ने समय छ ।
**वृष** : सुखसुविधा जुटाउने प्रयास हुनेछ ।
**मिथुन** : समस्या र चुनौतीसँग पछि नहट्दा राम्रो ।
**कर्कट** : सामाजिक र धार्मिक काममा मन जाला ।
**सिंह** : लाभको विषयले मन केन्द्रित होला ।
**कन्या** : आत्ममूल्यांकन गर्ने समय योग छ ।
**तुला** : कर्तव्य र स्वास्थ्यमा ध्यान पुऱ्याउँनु पर्नेछ ।
**वृश्चिक** : स्वास्थ्य परिस्थिति कमजोर रहने समय छ ।
**धनु** : रोमाञ्चकता र उत्कृष्ठामा वृद्धि हुनेछ ।
**मकर** : आत्मबल र हौंसलामा वृद्धि हुनेछ ।
**कुम्भ** : प्रेमजीवनलाई सार्थक बनाइने समय छ ।
**मीन** : विषयवस्तुप्रति गम्भीर बनिने समय छ ।

### निर्णय, अवसर र राजनीतिक विश्वसनीयता

# भरत पराजुलीको प्रसङ्गमा एउटा विश्लेषण



✍ बिशभ अधिकारी

देश निर्वाचनको संघारमा उभिएको छ । आसन्न निर्वाचनसँगै देश घण्टिमय भएको छ । नयाँलाई एकपटक हेरौं भन्ने जनमत बढ्दो छ । रास्वपाको नेता बालेन र रबि जहाँ-जहाँ पुग्छन् त्यहाँ ठूलो उछाल आउने गरेको छ । रास्वपाको बढ्दो लोकप्रियतासँगै पार्टी छोड्नेको लर्को पनि देखिँदैछ । बालेन र रवि मकवानपुर आउने घोषणा भएकै दिनमा रास्वपाको मकवानपुर जिल्ला सभापति भरत पराजुलीले पार्टी परित्याग गरी सर्लाही पुगेर कांग्रेस प्रवेश गरे । यता बालेन त आएनन् रवि आए । रविको क्रेजको सामुन्ने भरत पराजुलीको बहिर्गमन आफ्लेमा पऱ्यो । कार्यक्रममा रास्वपाका कार्यकर्ता, सामर्थक, शुभेच्छुकका साथै रास्वपाको अवस्था बुझ्न भनेर हुप्रचौरमा देखिएको उपस्थितिले पनि जनता यसपटक रास्वपासँगै छ भन्ने देखिन्छ । नेपालको समकालीन राजनीतिमा एउटा महत्वपूर्ण प्रवृत्ति स्पष्ट देखिँदै गएको छ टिकट नपाएपछि पार्टी छोडिहाल्ने, दल परिवर्तन गरिहाल्ने प्रचलन पुरानो हो । चुनावको मुखमा हुने राजनीतिक चलखेल, टिकट वितरणमा हुने विवाद र त्यसपछि देखिने भावनात्मक प्रतिक्रिया आजको राजनीति बुझ्नका लागि महत्वपूर्ण सूचक बनेको छ ।

समकालीन राजनीतिमा एउटा महत्वपूर्ण प्रवृत्ति स्पष्ट देखिँदै गएको छ राजनीतिक स्थिरताको अभाव, अवसरवादी निर्णयहरू र दल परिवर्तनको तीव्रता । विशेषगरी चुनावको मुखमा हुने राजनीतिक चलखेल, टिकट वितरणमा हुने विवाद र त्यसपछि देखिने भावनात्मक प्रतिक्रिया आजको राजनीति बुझ्नका लागि महत्वपूर्ण सूचक बनेका छन् । मकवानपुरको सन्दर्भमा भरत पराजुलीको पछिल्लो राजनीतिक निर्णयले यी सबै प्रश्नहरूलाई पुनः सतहमा ल्याएको छ ।

उनले लामो समयसम्म नेपाली कांग्रेसभित्र रहेर संगठन निर्माण, संघर्ष र राजनीतिक अभ्यासमा आफ्नो जीवनको महत्वपूर्ण हिस्सा बिताएका छन् । स्थानीय तहदेखि केन्द्रसम्मको राजनीति बुझ्ने अनुभव, कार्यकर्तासँगको सम्बन्ध र जनतासँगको सम्पर्कले उनलाई एउटा मकवानपुर कांग्रेस भित्रको प्रभावशाली नेतृत्वको रुपमा चिनाएको थियो । तर, राजनीतिमा अनुभव मात्र पर्याप्त हुँदैन समय अनुसार निर्णय लिने क्षमता, परि स्थितिको मूल्यांकन र दीर्घकालीन दृष्टिकोण झन् महत्वपूर्ण हुन्छ ।

नेपाली कांग्रेसभित्र रहँदा उनले अनेकौं चुनौतीहरूको सामना गरे । गुटबन्दी, अवसरको असमान वितरण र कहिलेकाहीँ हुने अन्यायपूर्ण व्यवहार यी सबै नेपाली राजनीतिका पुराना रोगहरू हुन् । उनिलाई बुथमै पराजित गरिनु जस्तो अवस्थामा धेरै नेताहरू या त संघर्ष जारी राख्छन् वा नयाँ विकल्प खोज्छन् । भरत पराजुलीले दोस्रो बाटो रोजे राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मार्फत नयाँ राजनीतिक यात्रा सुरु गरे । यो निर्णय केवल व्यक्तिगत निराशाको परिणाम मात्र थिएन, यसले देशभरि बढ्दै गएको परिवर्तनको चाहनालाई पनि प्रतिनिधित्व गर्थ्यो । पुराना दलहरूप्रति जनतामा बढ्दो असन्तुष्टि, नयाँ नेतृत्वको खोजी र वैकल्पिक शक्तिको उदय यी सबै कारकहरूले रास्वपालाई एक आकर्षक प्लेटफर्म बनाएका थिए ।

रास्वपाको लहर र अवसरको राजनीति रास्वपाको उदय नेपाली राजनीतिमा एउटा महत्वपूर्ण मोड थियो । यसले पुराना राजनीतिक संरचनाहरूलाई चुनौती दियो र नयाँ पुस्तालाई आशा जगायो । यस्तो अवस्थामा अनुभवी नेताहरूका लागि पनि नयाँ अवसरहरू खुले । भरत पराजुलीका लागि पनि यो एउटा राजनीतिक पुनर्उत्थानको अवसर थियो नयाँ छवि निर्माण गर्ने, नयाँ मतदातासँग जोडिने र विगतका सीमाहरूलाई तोड्ने । तर, राजनीतिक अवसरलाई सम्हाल्न सक्नु नै नेतृत्वको वास्तविक परीक्षा हो । अवसर आउनु ठूलो कुरा होइन, त्यसलाई टिकाइराख्न सक्नु महत्वपूर्ण हो । टिकट वितरण जस्तो विषयमा असन्तुष्टि हुनु स्वाभाविक हो तर त्यसमा गरिएको प्रतिक्रिया नै नेताको परिपक्वता मापन गर्ने आधार बन्छ । भावनात्मक निर्णय र रणनीतिक राजनीति चुनावको मुखमा टिकट नपाएपछि पार्टी परिवर्तन गर्नु एउटा सामान्य राजनीतिक अभ्यास जस्तो देखिए पनि, यसको दीर्घकालीन प्रभाव गम्भीर हुन्छ । राजनीति केवल तत्कालीन लाभको खेल होइन; यो विश्वास निर्माण गर्ने प्रक्रिया हो । जनताले नेतामा स्थिरता, प्रतिबद्धता र स्पष्टता खोज्छन् ।

भरत पराजुलीले लिएको निर्णयलाई धेरैले भावनात्मक प्रतिक्रिया भनेर व्याख्या गरेका छन् । यदि यो निर्णय तत्कालिन निराशाबाट प्रेरित हो भने, यसले दीर्घकालीन रुपमा उनको राजनीतिक विश्वसनीयतामा असर पार्न सक्छ । किनभने बारम्बार दल परिवर्तन गर्ने नेताप्रति मतदाताको विश्वास कमजोर हुने सम्भावना रहन्छ । यहाँ अर्को महत्वपूर्ण प्रश्न उठ्छ नेपाली कांग्रेसले भरत पराजुलीलाई साँच्चै हृदयदेखि स्वागत गरेको हो । वा त्यो केवल चुनावी रणनीति मात्र हो ? राजनीति सधैं आदर्शमा आधारित हुँदैन; धेरैजसो अवस्थामा यो गणित र रणनीतिमा आधारित हुन्छ । चुनावको मुखमा भित्र्याउने चलन पुरानो हो ।

यदि कांग्रेसले उनलाई केवल चुनाव जित्ने साधनको रूपमा प्रयोग गर्न खोजेको हो भने, त्यो सम्बन्ध दीर्घकालीन नहुन सक्छ । राजनीति केवल 'प्रयोग गर र फाल' को खेल बन्ने खतरा पनि यस्तै अवस्थामा हुन्छ । यसले नेताको व्यक्तिगत राजनीतिक भविष्यलाई अनिश्चित बनाउँछ । नयाँ पुस्ता र नेतृत्वको प्रश्न भरत दाइको राजनीतिक यात्रासँग जोडिएको अर्को महत्वपूर्ण आलोचना भनेको नयाँ पुस्ताप्रति उनको दृष्टिकोण हो । नेपालमा अहिलेको प्रमुख राजनीतिक बहस नै यही हो पुराना नेताहरूले स्थान छोड्ने कि नछोड्ने ? नयाँ पुस्तालाई अवसर दिने कि नदिने ?

यदि नेतृत्वले आफ्नो स्थान सुरक्षित गर्न मात्र ध्यान दिन्छ भने, राजनीति जड हुन्छ । नयाँ सोच, नयाँ ऊर्जा र नयाँ दृष्टिकोण बिना राजनीति अघि बढ्न सक्दैन । दीर्घकालीन रूपमा सफल नेता त्यही हो, जसले आफ्नो उत्तराधिकारी तयार गर्छ र नयाँ पुस्तालाई नेतृत्वमा ल्याउँछ ।

### राजनीतिमा स्थिरता र विश्वसनीयताको महत्व

आजको नेपाली राजनीतिमा सबैभन्दा ठूलो संकट भनेको विश्वासको संकट हो । जनताले नेताहरुलाई बारम्बार दल बदल्ने, व्यक्तिगत स्वार्थअनुसार निर्णय गर्ने र सिद्धान्तभन्दा अवसरलाई प्राथमिकता दिने देखिरहेका छन् । यस्तो अवस्थामा विश्वसनीयता सबैभन्दा ठूलो पूँजी बन्छ । भरत पराजुलीको निर्णय यही सन्दर्भमा मूल्याङ्कन गरिनेछ । यो निर्णय केवल एउटा व्यक्तिगत कदम मात्र होइन; यसले उनको समग्र राजनीतिक छविलाई पुनः परिभाषित गर्नेछ । इतिहासले नेताहरूलाई उनीहरूले कठिन समयमा के गरे भन्ने आधारमा मूल्यांकन गर्छ, सहज समयमा होइन ।

राजनीति सधैं सीधा र सहज हुँदैन । यसमा हार, निराशा, अन्याय र संघर्ष सबै हुन्छन् । तर ती परिस्थितिहरूमा लिइएका निर्णयहरूले नै नेताको भविष्य निर्धारण गर्छन् । भरत पराजुलीको पछिल्लो निर्णयले धेरै प्रश्नहरु उठाएको छ विश्वसनीयता, अवसर, रणनीति र दीर्घकालीन दृष्टिकोणको । तर, प्रत्येक निर्णय अन्त्य होइन । यो आत्मसमिक्षा गर्ने, आफ्नो रणनीति पुनःनिर्धारण गर्ने र अझ परिपक्व रूपमा अघि बढ्ने अवसर पनि हुन सक्छ । यदि यसलाई सकारात्मक रूपमा लिइयो भने यो अनुभव भविष्यका लागि एउटा महत्वपूर्ण पाठ बन्न सक्छ । अन्ततः राजनीति केवल पद प्राप्त गर्ने खेल होइन यो विश्वास जित्ने प्रक्रिया हो र त्यो विश्वास एकपटक गुम्यो भने पुनः प्राप्त गर्न अत्यन्त कठिन हुन्छ । यसैले, आजको निर्णय केवल वर्तमानको लागि होइन, भविष्यको लागि पनि हो ।

# नयाँ घोषणापत्रमा शिक्षाका पुरानै आश्वासन र प्रतिवद्धता



✍ रमेश प्रसाद लामिछाने

१. घोषणापत्र वा प्रतिवद्धतापत्र वा प्रतिज्ञापत्र जे नाम दिएपनि भन्न खोजिएको कुरा एकै हुनुपर्छ । जुन कुनै दलको भएपनि नराम्रो लेखिँदैन । शिक्षा, प्रविधि, स्वास्थ्य, सडक, विद्यूत, उद्योग, पर्यटन, कृषि, रोजगार, लगायतका विषयहरुमा आकर्षक नारासहित यो गर्छौं र उ गर्छौं भनिएको हुन्छ । यो यस चुनावको मात्र सन्दर्भ होइन, यो त विगत कै निरन्तरता हो । अहिले त झनै होडबाजी अधिक देख्न सकिन्छ । घोषणापत्रमा उल्लेखित नाराहरु पूरा गर्न सकिने वा नसकिने भन्नेमा विचार विमर्श गर्ने काम हुँदैन । मिथ्याङ्क र तथ्याङ्क बुझ्ने फुर्सद हुन्न । क्षमता र साधन श्रोत केलाउने काम गरिन्न । प्रचलित विधि र कानून पढ्ने काम हुँदैन । हुन त आवश्यक कानून बनाउने कामकै लागि उम्मेदवारी दिएकाले पनि कानूनका कुरा किन हेर्ने भन्ने पनि हुन सक्छ । नागरिकका कुरा सुन्ने फुर्सद कहिल्यै हुँदैन । आश्वासनहरुको सीमा देखिँदैन । जनता र नेता बीचको खाडल दिन प्रतिदिन गहिरो झनै गहिरो बनिरहेको छ । जसरी पनि भोट चाहिएको छ । भोटका लागि साम, दाम, दण्ड र भेद चारै बाटाहरु उपयोग गर्दै पद हत्याउने प्रतिस्पर्धा सहजै देख्न सकिन्छ । विगतमा जनताले मत दिएर विजय बनाइसकेकाहरु काम गर्ने वातावरण नै बनेन भनिरहेका छन् । गर्दागर्दै भ्याईएन । विपक्षीहरुले अवरोध गरे । यसपटक बहुमत आएमा भनेका सबै गरेर देखाईदिन्छौं ।

२. सन्दर्भलाई आसन्न निर्वाचन र दलका चुनावी घोषणापत्रहरुसँग जोड्न खोजिएको छ । विशेषतः यो आलेख शिक्षाका सवालहरुमा केन्द्रीत रहेको छ । मलाई भोट दिएर जिताएमा, मेरो पार्टीलाई बहुमत दिएमा शिक्षामा कुनै समस्या हुँदैन भनेका शब्दहरु अहिल्यै बिर्सिने बेला भएको छैन । शिक्षकका विद्यमान सबै समस्याहरु समाधान हुनेछन् । एक वर्ष भित्रै नयाँ शिक्षा ऐन ल्याएर देखाउँछौ । संविधानमा उल्लेख गरिएका अनिवार्य र निशुल्क शिक्षा कार्यान्वयन गरेर निरक्षरताको अन्त्य गर्छौं । साक्षर नेपाल घोषणा हामीले गर्ने हो । विद्यालय कर्मचारीका माग पूरा हुन्छ । ईसिडि शिक्षकहरु सबै दरबन्दीमा आउनेछन् । राहत अनुदानका सबै शिक्षकहरु स्थायी हुनेछन् । प्रअको भत्ता कम्तिमा तलबको दश प्रतिशत तोक्ने छौं । प्रत्येक पालिकामा प्राविधिक शिक्षालय स्थापना गरिने छ । शिक्षकको तलब सुविधा निजामती कर्मचारीसरह गर्नेछौं । शिक्षा प्रणाली वैज्ञानिक र प्रगतिशील बनाइने छ । उच्च शिक्षामा त व्यापक सुधार हुनेछ । कोहि बेरोजगार बस्नुपर्दैन । शिक्षा सीपमूलक र व्यावसायिक बनाइने छ । शिक्षामा लगानी बढाइने छ । शिक्षा प्रशासनलाई प्रभावकारी र जिम्मेवार गरिने छ । छात्रवृत्तिलाई अझ व्यापक बनाइने छ । हालका तमाम बेथिति र असहजताको अन्त्यका लागि मैले जित्नै पर्दछ । अरु सबै गलत छन् र शिक्षामा चमत्कार गर्ने भनेकै हाम्रो पार्टी हो । हामीसँग भिजन छ, मिशन छ र लक्ष्य त झनै स्पष्ट बुझ्न सकिन्छ ।

३. निश्चय नै, यो प्रतिनिधि सभा निर्वाचन नियमित होइन र विशिष्ट अवस्थामा हुन गइरहेको तथ्यबारे अधिकांशतः जानकार छन् भन्न सकिन्छ । यत्तिबेला बाहिर आएका चुनावी घोषणापत्र वा प्रतिवद्धतापत्र हेर्दा नयाँ कुरा बिरलै भेट्न सकिन्छ । यस आलेखमा प्रमुख दलहरुको घोषणापत्रबाट शिक्षाका सवाल मात्र केलाउने हो भने एउटै पार्टीको भनाई पनि अटाउन कठिन छ । तसर्थ, सारमा मूल कुरा सकेसम्म नछुटाई राख्ने प्रयत्न गरिएको छ । अधिकांश बुँदाहरु बिगतबाट कपि-पेष्ट गरिएका छन् । कतिपय उहि बुँदा तलमाथि फेरबदल गरिएका छन् । नयाँ कुरा भेट्न मुस्किल देखिन्छ । पहिलो अधिवेशनमै नयाँ शिक्षा ऐन र उच्च्च शिक्षा सम्बन्धी ऐन पारित गर्ने पनि भनिएको छ । विगतमा झैं प्राविधिक

...बाँकी पृष्ठ ३ मा

# आशा विशेष पाठशाला तथा पुनर्व्यवस्थापन केन्द्रलाई खाद्यान्न सहयोग



*सहयोग सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर अधिकृत विक्रेता व्यवसायी संघले खाद्यान्न सहयोग गरेको छ । शनिबार आशा विशेष पाठशाला तथा पूनर्व्यवस्थापन केन्द्रलाई खाद्यान्न सामग्री सहयोग गरेको मकवानपुर अधिकृत विक्रेता संघका अध्यक्ष राजेन्द्र लामिछानेले जानकारी दिनुभयो ।

संघलाई पाठशालाले खाद्यान्न अभाव भएको भनी माग आएकाले केन्द्रलाई खाद्यान्न सामग्री सहयोग गरेको अध्यक्ष लामिछानेले बताउनुभयो । खाद्यान्न सामग्री अन्तर्गत चामल, दाल, तेल, बिस्कुट लगायतका सामग्रीहरू ३० हजार रुपैयाँ बराबरको सहयोग गरेको छ। अध्यक्ष लामिछानेसहित संघका पदाधिकारीले आशा विशेष पाठशाला व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण चौलागाईंलाई खाद्यान्न सामग्री हस्तान्तरण गरेको हो । संघले विविध अवसर पारेर बाल आश्रम, मानवसेवा आश्रमलगायतलाई खाद्यान्न सामग्री सहयोग गर्दै आएको छ ।

खाद्यान्न वितरण कार्यक्रममा संघका पूर्वअध्यक्ष चक्रधर विडारी, पवन अग्रवाल, सल्लाहकार माधव ज्ञवाली, महासचिव सुदर्शन पाठक, सचिव बालकुमारी गौतम, सदस्यहरू सरोज शिवाकोटी, सरोज घिमिरे, दिपेश महर्जन, सर्मेन्द्र पौडेल, अनिल मानन्धर, सूर्य पाण्डे लगायतको उपस्थिति रहेको थियो ।

पुनर्व्यवस्थापना केन्द्रमा २५ जना विद्यार्थी रहेका छन् भने ८८ जना स्कुलमा अध्ययनरत छन् । केन्द्रले सञ्चालन गरेको विद्यालय हरियाली चौकी पछाडि रहेको छ भने होस्टेल हेटौँडा-६ स्थित रामनगरमा रहेको छ । केन्द्रमा अटिजम, सिपि, डाउन सिन्ड्रम भएका विद्यार्थीहरू अध्ययनरत छन् ।

# आधारभूत र एसईई तयारी परीक्षाको नतिजा सार्वजनिक

समाज संवाददाता

हेटौँडा : मकवानपुरगढी गाउँपालिका-२, शिखरकटेरीस्थित चण्डिका माध्यमिक विद्यालयले आधारभूत र एसईई तयारी परीक्षाको नतिजा सार्वजनिक तथा अभिभावकसँग अन्तरक्रिया गरेको छ । शुक्रबार विद्यालयले आधारभूत तह र एसईई दिने विद्यार्थीको नतिजा सार्वजनिक गरेको विद्यालयका प्रधानाध्यापक कमल फुयालले जानकारी दिनुभयो ।

एसईई तयारी परीक्षामा ३० जना विद्यार्थी र आधारभूत तहको तयारी परीक्षामा १४ जना विद्यार्थी सहभागी भएका थिए । एसईई तयारी परीक्षामा सहभागी विद्यार्थीमध्ये १० जनामात्रै ग्रेडेड भएका छन् । यस्तै, आधारभूत तहको परीक्षामा ६ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

एसईईमा सहभागी हुने विद्यार्थीलाई बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म विद्यालयमा राखेर अतिरिक्त कक्षा सञ्चालन गरिरहेको छ। ८ कक्षाको परीक्षा पालिकाको आधारभूत परीक्षा समितिले निर्धारण गरेपश्चात हुनेछ भने अन्य कक्षाहरूको परीक्षा चैत्र ८ गतेदेखि सुरु हुनेछ। विद्यालयले ८, ९ र १० कक्षाका विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गरेको छ । पालिकाले अतिरिक्त कक्षा सञ्चालनका लागि बजेट जुटाएको छ भने बाँकी विद्यालय आफैँले गरिरहेको उहाँको भनाइ छ ।

मकवानपुरगढी गाउँपालिकाका केही विद्यालयले एसईई तयारीका लागि बन्द प्रशिक्षणमा राखेर पठनपाठन गराइरहेका बेला चण्डिका माविले बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म पठनपाठन गराएको छ । विद्यालयमा होस्टेल अभाव र अभिभावकहरूको आर्थिक अवस्था कमजोर भएका कारण विद्यार्थीहरूलाई बन्द प्रशिक्षणमा नराखिएको फुयालले बताउनुभयो। अभिभावकसँगको अन्तरक्रियाको क्रममा विद्यार्थीहरुलाई घरमा नै राखेर पठपाठन गराउने सल्लाह भएको प्रधानाध्यापक फुयालले बताउनुभयो। गत वर्ष पनि विद्यालयले अतिरिक्त कक्षामात्रै सञ्चालन गरेको थियो ।

विद्यालयले गतवर्षको तुलनामा एसईईको नतिजा यस वर्ष राम्रो आउने अपेक्षा राखेको प्रधानाध्यापक फुयालले बताउनुभयो । गत वर्षको एसईईमा ४५ जना विद्यार्थी सहभागी भएकामा ११ जना विद्यार्थीमात्रै ग्रेडेड भएका थिए। यस वर्ष गत वर्षको तुलनामा राम्रो नतिजा ल्याउने उहाँको भनाइ छ । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ४०६ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

## नयाँ घोषणापत्रमा...

शिक्षा र सीपमूलक शिक्षा सबैको नारा भएको छ । निशुल्क शिक्षाको बुँदा सबै दलको साझा विषय बनेको छ। माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निशुल्क गर्ने कुरा धेरैले उल्लेख गरेका छन् । शिक्षकका समस्याहरु हल गर्ने प्रतिवद्धता फेरि पनि दोहरिएको छ । कर्मचारीका मागहरु पूरा गर्ने र यसअघि भए-गरेका सहमतिहरु कार्यान्वयन गर्ने प्रतिवद्धता उल्लेख गरिएको छ। शैक्षिक गुणस्तरको मुद्दा सबैको घोषणापत्रमा पढ्न सकिन्छ। कूल बजेटको बीस प्रतिशत बजेट शिक्षामा लगानी गर्ने भनिएको छ। स्थानीय तहलाई थप सवलीकरण गरिने छ । शिक्षालाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्ने र प्रविधियुक्त, अनुसन्धानात्मक र नवप्रवर्तनमा जोड दिँदै समृद्ध नेपाल बनाउने भनिएको छ ।

४. अबदेखि विश्वविद्यालयको कुलपति प्रधानमन्त्री र सह-कुलपति शिक्षामन्त्री रहने छैनन् । उच्च शिक्षामा सुधारका कुराहरु सबैले समेटेका छन् । शिक्षण संस्थाहरुमा दलीय गतिविधि बन्द गरिने भनिएको छ। शिक्षण संस्थाहरुलाई आवश्यकताका आधारमा मर्ज गर्ने र शिक्षक दरबन्दी मिलान गर्नेसम्म पनि समावेश गरिएको छ । छात्रवृत्तिका कुरा र कक्षा दशसम्मका विद्यार्थीका लागि दिवा खाजा उपलब्ध गराउने कुरा पनि घोषणापत्रमा पढ्न सकिन्छ । शिक्षण पेशालाई सम्मानपूर्ण र मर्यादित बनाउँदै सक्षम जनशक्तिलाई शिक्षण पेशामा आकर्षणका लागि सुविधाहरु बृद्धि गरिने कुरा प्रमुख दलहरुले उल्लेख गरेका छन् । स्टीम शिक्षाका प्रसंगसँगै डिजिटल सिकाईका कुरा अनि विश्वविद्यालय शिक्षाको प्रभावकारिताका बारेमा विगत झैं स्तर अभिवृद्धिका कुरा दोहोरिएका छन् । सान्दर्भिक पाठ्यक्रमका कुरा पनि दोहोरिएका छन् । साक्षर नेपालको नारा दिएको दुई दशक पुग्नै लाग्दा पनि उहि नारा फेरी उल्लेख गरिएको छ । सिकाई पोर्टल, डिजिटल लर्निङ्ग, विद्यार्थी डेटा फ्रि, शिक्षक प्राध्यापक सवलीकरण लगायत शैक्षिक मोडलका नमूनाहरु प्रस्तुत गरिएका छन् । लामो लामो फेहरिस्त भन्दा पनि गर्न सकिने र जरुरी भएका शिक्षाका मुद्दाहरुमा केन्द्रीत रहेर प्रतिवद्धता आउनुपर्छ भन्ने हाम्रो चाहना हो । जे भनिएको छ, सो गरेर सावित गरे पो विश्वास बढ्छ। सय वटा काम गर्छु भनेर दशवटा पनि गर्न नसक्दा लाज लाग्दैन ?

५. दलहरुका घोषणापत्र र प्रतिवद्धतापत्र हेर्दा साँच्चै यो मुलुकको शिक्षा दुनियाँमै चर्चित बन्ने र नेपाल विश्वकै शैक्षिक हव बन्ने देखिन्छ। सँगै, यस्तै व्यहोराका घोषणा र प्रतिवद्धता विगत देखिकै एउटै कुरा भएकाले यी फोस्रा र मिथ्या हुन् भन्दा अत्युक्ती नहोला । गत चुनाव अघि पनि यहि कुरा बाँडिए तर व्यवहारमा शैक्षिक समस्या हल गर्ने भन्दा पनि उल्झनहरु बढाउने काम भएका छन् । प्रत्येक चुनावमा हामी शिक्षण संस्थामा राजनीतिक दलीय हस्तक्षेप गर्दैनौं र गर्न दिँदैनौं भन्नु र अर्कोतर्फ मातृपार्टीका उपकुलपति, डिन, रजिष्ट्रार, नियन्त्रक, कलेज प्रमुखहरु भएनन् भने तालाबन्दी गर्ने संस्कारबाट सम्बन्धित सरोकारवाला निराश र दिक्क छन्। अध्ययन शिर्षकमा प्रत्येक वर्ष सरदर सवा लाख विद्यार्थीहरुबाट दशौं अरब बाहिरिएको समाचारले यी पार्टीहरुलाई घोच्न पर्दैन ? युवा जनशक्ति लक्षित रोजगारका ठोस कार्यक्रमहरु ल्याउनुको बदलामा शैक्षिक ऋण र बेरोजगार भत्ताका ललिपप पस्किएका प्रतिवद्धता पत्याईदिनु पर्ने हाम्रो नियती कायमै छ । घोषणापत्र र प्रतिवद्धताहरु पढेर मतदान गर्ने मतदाताहरु अत्यन्त न्यून छन्। हात्तीका देखाउने दाँत भनेजस्तो दलहरुका कुरा विश्वसनीय किन भएनन् ? विगतबाट शिक्षा लिनुपर्छ । कमजोरीहरु सच्याएर सही अर्थमा शैक्षिक समस्या हल गरी प्राथमिक तहदेखि विश्वविद्यालयस्तरसम्मको शिक्षा व्यवस्थाले वर्तमानका विद्यार्थी र शैक्षिक जनशक्तिलाई सम्बोधन गरी समृद्ध नेपाल निर्माणमा अग्रणी भूमिकको अपेक्षा गरिएको छ ।

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

## इरानमाथि इजरायल...

सोसलमा आठ मिनेट लामो भिडियो पोस्ट गर्दै इरानमा भएको आक्रमणमा अमेरिका संलग्न रहेको कुरा पुष्टि गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक सपना र क्षेप्यास्त्र उद्योगलाई पूर्ण रूपमा धुलोमा मिलाइदिने कडा चेतावनी दिएका छन् । उनले इरानी क्रान्तिकारी गार्डलाई हतियार बिसाउन वा निश्चित मृत्यु रोज्न भन्दै यो आक्रमण अमेरिकी सुरक्षाका लागि चालिएको अनिवार्य कदम भएको स्पष्ट पारे । इरानी जनताको स्वतन्त्रताको घडी नजिकिएको उल्लेख गर्दै ट्रम्पले अब इरानले कहिल्यै आणविक हतियार पाउन नसक्ने कुरा व्यक्त गरेका छन् ।

प्राप्त जानकारी अनुसार, इजरायल र अमेरिकाले इरानका रणनीतिक स्थानहरूलाई मुख्य निशाना बनाएका छन् । तेहरानका राष्ट्रपति भवन परिसर र गुप्तचर मन्त्रालयहरू यस आक्रमणका प्राथमिक निशाना केन्द्र भएका छन्। पर्चिन सैन्य कम्प्लेक्स जहाँ इरानले आफ्नो क्षेप्यास्त्र र विस्फोटक पदार्थको परीक्षण गर्ने गर्दछ, ती क्षेत्रहरूमा इजरायलले आक्रमण तीव्र बनाएको छ । त्यसैगरी इरानी आणविक ऊर्जा एजेन्सीका केही प्रशासनिक भवनहरू पनि आजको आक्रमणबाट विध्वंसित भएका छन् । इसफाहान, कोम, करज र केर्मानशाह जस्ता प्रमुख सहरहरूमा पनि विस्फोटका खबरहरू आएका छन् ।

इरानी प्रशासनले यस आक्रमणलाई आफ्नो राष्ट्रिय अस्मितामाथिको गम्भीर चोट मानेको छ । इरानी अधिकारीहरूले शनिबार तेहरानले इजरायल र अमेरिकाको संयुक्त आक्रमणको बदला लिन तयारी गरिरहेको बताएका छन् । तेहरान अहिले प्रतिशोधात्मक कारबाहीका लागि जुटिरहेको र यसको जवाफ निकै कडा हुने कुरा ती अधिकारीहरूले स्पष्ट पारेका छन् । इरानी रक्षा अधिकारीहरूले रोयटर्ससँग कुरा गर्दै भनेका छन्, "तेहरान यसको बदला लिन पूर्ण रूपमा तयार छ र हाम्रो जवाफ 'विनाशकारी' (क्रसिंग) हुनेछ ।" इरानले आफ्ना सबै क्षेप्यास्त्र युनिटहरूलाई तयारी अवस्थामा राखेको छ र इजरायलका प्रमुख सहरहरूलाई निशाना बनाउने चेतावनी दिएको छ ।

इरानी संसदको राष्ट्रिय सुरक्षा आयोगका प्रमुख इब्राहिम अजिजीले सामाजिक सञ्जालमार्फत इजरायल र अमेरिकालाई कडा चेतावनी दिएका छन् । "हामीले तपाईंहरूलाई पहिले नै चेतावनी दिएका थियौं," उनले लेखेका छन् । अजिजीले अगाडि थप्दै भनेका छन् कि इजरायल र अमेरिकाहरू यस्तो बाटोमा लागेका छन् जसको अन्त्य उनीहरूको नियन्त्रणमा रहने छैन। उनको यो टिप्पणीले इरानले यस सैन्य द्वन्द्वलाई अझ गम्भीर रूपमा अगाडि बढाउन सक्ने सङ्केत गरेको छ। रिपोर्टहरूका अनुसार, इरानका सर्वोच्च नेता आयतोल्लाह खामेनीलाई सुरक्षाका कारण गोप्य र सुरक्षित स्थानमा सारिएको छ । इरानभित्र इन्टरनेट र मोबाइल फोन सेवाहरू ठप्प पारिएका छन्, जसले गर्दा जनमानसमा अन्योल र त्रास झन् बढेको छ ।

बीबीसीका नयाँ रिपोर्ट अनुसार आईडीएफले इरानले इजरायल विरुद्ध प्रतिशोधात्मक आक्रमण सुरु गरेको जानकारी दिएको छ । केही समयअघि इरानबाट इजरायलतर्फ मिसाइलहरू प्रहार गरिएको पहिचान भएपछि देशभरका विभिन्न क्षेत्रमा खतराको जनाउ दिने साइरनहरू बजाइएको थियो । आईडीएफले सर्वसाधारणलाई होम फ्रन्ट कमान्डका निर्देशनहरू पालना गर्न अनुरोध गरेको छ । यस समयमा इजरायली वायुसेनाले खतराहरूलाई रोक्न र आवश्यक परेको ठाउँमा आक्रमण गरी जोखिम हटाउन अपरेसन सञ्चालन गरिरहेको छ । रक्षा प्रणाली पूर्णरूपमा अभेद्य नहुने हुनाले जनताले होम फ्रन्ट कमान्डको मार्गदर्शनलाई निरन्तर पछ्याउनु अनिवार्य रहेको कुरामा विज्ञप्तिले जोड दिएको छ। आईडीएफले सार्वजनिक सुरक्षाका लागि तोकिएका नियमहरू पालना गर्न बारम्बार आग्रह गरिरहेको छ।

यो द्वन्द्व अचानक भने सुरु भएको होइन। सन् २०२५ को जुनमा इजरायल र इरानबीच १२ दिनसम्म चलेको हवाई युद्धले यसको आधारभूमि तयार पारेको थियो । त्यसयता, इरानले आफ्नो युरेनियम संवर्धन प्रक्रियालाई तीव्रता दिएको र ब्यालिस्टिक क्षेप्यास्त्रको भण्डारण बढाएको आरोप इजरायल र अमेरिकाले लगाउँदै आएका थिए । फेब्रुअरी २०२६ को सुरुमा जेनेभामा भएको कूटनीतिक वार्ता बिना निष्कर्ष टुङ्गिएपछि युद्धको सम्भावना बढेको थियो । इजरायलले इरानको आणविक पूर्वाधार पूर्ण रूपमा ध्वस्त हुनुपर्ने माग राखेको थियो भने इरानले केवल आर्थिक प्रतिबन्ध फुकुवा भएमा मात्र केही लचकता अपनाउने बताएको थियो ।

आक्रमणको समयमा इरान आफैं पनि आन्तरिक संकटबाट गुज्रिरहेको छ । सन् २०२५ को डिसेम्बरदेखि इरानमा आर्थिक मन्दी, मुद्राको अवमूल्यन र बढ्दो महँगीका विरुद्ध विशाल जनप्रदर्शनहरू भइरहेका छन् । मानवअधिकार संस्थाहरूका अनुसार ती प्रदर्शनहरूमा हजारौँ नागरिकले ज्यान गुमाइसकेका छन्। इजरायली खुफिया एजेन्सी मोसादले इरानी नागरिकहरूलाई शासनविरुद्ध उभिन प्रोत्साहित गर्न फारसी भाषामा टेलिग्राम च्यानल समेत सुरु गरेको छ ।

यस युद्धले विश्व बजारमा तेलको मूल्यमा भारी वृद्धि गराउने निश्चित छ । साथै, लेबनानको हिजबुल्लाह र यमनका हुथी विद्रोहीहरूले पनि इजरायल र अमेरिकी सैन्य अखडाहरूमा आक्रमण सुरु गर्ने खतरा बढेको छ । साउदी अरब र संयुक्त अरब इमिरेट्स जस्ता छिमेकी देशहरूले आफ्नो हवाई क्षेत्र सुरक्षित राख्न उच्च सतर्कता अपनाएका छन् ।

इजरायल र अमेरिकाको यो संयुक्त आक्रमणले मध्यपूर्वलाई पूर्ण स्तरको क्षेत्रीय युद्धको सङ्घारमा पुऱ्याएको छ। यो केवल एक सैन्य कारबाही मात्र नभएर इरानको वर्तमान सत्ता परिवर्तन गर्ने रणनीतिक कदम पनि हुनसक्ने विश्लेषकहरुको ठहर छ । यदि इरानले कडा जवाफी हमला गऱ्यो भने, यसले विश्वव्यापी अर्थतन्त्र र सुरक्षा व्यवस्थामा अपूरणीय क्षति पुऱ्याउन सक्ने आशंका छ। विश्व समुदाय अहिले शान्तिको खोजीमा रहे पनि युद्धको ज्वाला झन् दन्किँदै गएको देखिन्छ । त्यसैले आगामी केही दिनहरू मध्यपूर्व र सम्पूर्ण विश्वका लागि निकै चुनौतीपूर्ण रहनेछन् । *स्रोत : अनलाइनखबर ।*


# शोक निमन्त्रणा



जन्म :
२००९/०७/०७

**स्व. याद प्रसाद शर्मा भट्टराई जैसी**

स्वर्गारोहण :
२०८२/११/०७

हाम्रा पुजनीय बुवा **याद प्रसाद शर्मा भट्टराई जैसी**को यही मिति २०८२/११/०७ गते भएको स्वर्गारोहण प्रति दुःख व्यक्त गर्दै सागरमा पाल्नु हुने, समवेदना प्रकट गर्नु हुने समस्त आफन्तजनहरु, ईष्टमित्रहरु, छरछिमेक, टोलबासीहरु तथा विचार ल्याउनु हुने समेत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै **१३ औं दिनको पूण्यतिथि**मा श्रद्धान्जली अर्पण तथा पितृप्रसाद ग्रहण गर्नको निमित्त सादर निमन्त्रणा गर्दछौं ।

मिति : २०८२/११/१९ गते मंगलबार
समय : दिउसो २:00 बजे
स्थान: आफ्नै निवास, हेटौँडा-५, सिचाईटोल

**प्रार्थी**
श्रीमती: कमला शर्मा भट्टराई
छोराहरू: सुरज शर्मा भट्टराई, निरज शर्मा भट्टराई
बुहारीहरू: सुमी शर्मा भट्टराई, बिना अधिकारी भट्टराई
छोरी: तारा शर्मा
नाती/नातिनीहरू: प्रत्यूष भट्टराई, सायरा भट्टराई, नीरव भट्टराई, खुशी सापकोटा, वैष्णोदिप सापकोटा

**तथा समस्त परिवार**
हेटौँडा-५, सिचाईटोल

# मुक्तक मञ्च मकवानपुरको अध्यक्षमा पुनः तिमल्सिना



*मुक्तक मञ्च मकवानपुरको नवनिर्वाचित समितिका पदाधिकारी तथा सदस्यहरु ।*

समाज संवाददाता

हेटौंडा : मुक्तक मञ्च मकवानपुरको अध्यक्षमा पुनः सागर तिमल्सिना चयन हुनुभएको छ । शनिबार सम्पन्न दोस्रो अधिवेशनले तिमल्सिनाको अध्यक्षतामा ११ सदस्यीय नयाँ समिति चयन गरेको हो । नवनिर्वाचित समितिको उपाध्यक्षमा भवानी तिमल्सिना, सचिवमा सुवास सजल, कोषाध्यक्षमा मिथिला अधिकारी र सहसचिवहरुमा अजर फुँयाल र नवीन दर्लामी रहनुभएको छ । यस्तै समितिको सदस्यहरुमा कमल नेपाल, प्रविना प्रयासी, मन्दिरा देवकोटा, विविशा रुम्बा र भावना न्यौपाने रहनुभएको छ ।

वार्षिक साधारणसभा तथा अधिवेशनको अवसरमा मुक्तक मञ्च मकवानपुरले नगद १० हजारसहित हरि कृष्ण काफ्ले सम्मान साहित्यकार डा. मुरारी पराजुलीलाई प्रदान गरेको छ । आधा दर्जन एकल कृतिसहित केही संयुक्त कृति प्रकाशित गरिसक्नुभएका पराजुलीले विभिन्न संस्थाहरुको स्मारिका सम्पादन समेत गरिसक्नुभएको छ । कार्यक्रममा ७ हजार ५ सय नगदसहित तारा स्मृति मुक्तक सम्मान काठमाडौंका साहित्यकार सुनिल अधिकारीलाई प्रदान गरिएको छ । उहाँको दुइवटा कृतिहरु प्रकाशित छन् भने विभिन्न मुक्तक प्रतियोगितामा उत्कृष्ट हुँदै आउनुभएको छ ।

इन्दिरादेवी स्मृति मुक्तक सम्मान साहित्यकार अनिस न्यौपाने (मनको आँखा)लाई प्रदान गरिएको छ । ५ हजार ५ सय ५५ नगदसहित न्यौपानेलाई सम्मान गरिएको हो । न्यौपानेको २०७० मा प्रकाशित गजलसंग्रह 'पढेपछि थाहा पाउँछौ' र २०७३ मा मुक्तक संग्रह 'मनको आँखा' प्रकाशित भएका छन् । यस्तै ७ हजार ७ सय ७७ रुपैयाँ नगदसहितको बहादुरानन्द स्मृति मुक्तक सम्मान काठमाडौं निवासी साहित्यकार मदन नेपाललाई प्रदान गरिएको छ । उहाँको एउटा एकल मुक्तक संग्रह 'मनिषा' प्रकाशित छ भने अन्य ३ वटा संयुक्त मुक्तक संग्रह प्रकाशित रहेका छन् ।

कार्यक्रममा नेपाली मुक्तक संरचना, परम्परा र प्रवृत्ति विषयक विमर्श गरिएको थियो । कार्यक्रमका सहभागीहरुले परम्परागत मुक्तक संरचनाको औचित्य र प्रवृत्तिबारे छलफल गरिएको थियो । यस्तै ३१ औं नियमित मुक्तक वाचन श्रृङ्खला भएको थियो । अग्रज मुक्तककार हरिकृष्ण काफ्लेको प्रमुख आतिथ्य तथा मुक्तक मञ्च मकवानपुरका सचिव सुवास सजलको सभाध्यक्षतामा भएको कार्यक्रममा मुक्तक मञ्च केन्द्रिय अध्यक्ष अम्बिका दाहाल, मुक्तक मञ्च मकवानपुरका संस्थापक अध्यक्ष डिबि बर्तौला, वरिष्ठ साहित्यकार आरसी रिजालको पनि आतिथ्य रहेको थियो ।

# विज्ञान हाजिरीजवाफमा बालज्योतिका शुभम र अञ्जली प्रथम



*हाजिरीजवाफ प्रतियोगितामा विजयी भई पुरस्कृत भएपछि खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्लास्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगितामा हेटौंडा-५ स्थित बालज्योति माध्यमिक विद्यालयका विद्यार्थी शुभम खनाल र अञ्जली कुमारी प्रथम भएका छन् । शनिबार विज्ञान शिक्षक समाज मकवानपुरको आयोजनामा सम्पन्न माध्यमिक तह (कक्षा १०) स्तरीय प्रतियोगितामा शुभम र अञ्जलीको समूह प्रथम भएको हो ।

प्रतियोगितामा कैलाश-९, नामटार स्थित कालिका माध्यमिक विद्यालयका विकास परियार र कृष्टिना हिम्दुङको समूह द्वितीय भएको छ । यस्तै हेटौंडा-५ स्थित ज्ञानदीप शिक्षा (जिएस) निकेतन माध्यमिक विद्यालयका एलेस घिमिरे र रिषभ सुवेदी तृतीय भएका छन् । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका १९ वटा र जिल्लाका अन्य पालिकाबाट ६ वटा गरी जम्मा २५ वटा विद्यालयका विद्यार्थीहरुको सहभागिता रहेको थियो । एसईई दिने विद्यार्थीलाई लक्षित गरी प्रतियोगिता आयोजना गरिएकोले प्रत्येक विद्यालयबाट कक्षा १० मा अध्ययनरत दुई जना विद्यार्थीको सहभागीता रहेको थियो ।

प्रतियोगिता दुई चरणमा सम्पन्न भएको थियो । सहभागी टोलीहरू मध्ये पहिलो चरणमा उत्कृष्ट ८ वटा समूह छनोट गरी दोस्रो चरण खेलाइएको थियो । पहिलो चरण उत्कृष्ट टिम छनोट गर्दा हेटौंडा उपमहानगरपालिकाभित्रका ५ वटा र अन्य पालिकाबाट ३ वटा टिम छनोट गरिएको थियो । प्रतियोगितामा विज्ञान विषयको एसईईमा सहयोग पुग्ने गरी प्रश्नहरु सोधिएको थियो । प्रतियोगितामा प्रथम हुने विद्यालयले ४ हजार, द्वितीयले ३ हजार र तृतीयले २ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् भने पहिलो चरणमा छनोट भएका टिमहरुले १/१ हजार रुपैयाँ र प्रमाणपत्र प्राप्त गरेका छन् ।

विज्ञान शिक्षक समाज नेपाल (स्टान) मकवानपुरका अध्यक्ष भरत पोखेलको सभाध्यक्षतामा भएको कार्यक्रमा हेटौंडा-१० का वडाध्यक्ष फुर्वा दार्जे लामाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा स्टान बागमती प्रदेश कमिटीका उपाध्यक्ष खेमराज लामिछानेको विशिष्ट आतिथ्य रहेको थियो । प्रतियोगितामा हेटौंडा १० नम्बर वडा कार्यालयको पनि सहयोग रहेको थियो ।

# इजरायली आक्रमणमा इरानमा ५३ विद्यार्थीको मृत्यु

काठमाडौं : इरानको सरकारी समाचार एजेन्सी 'इस्लामिक रिपब्लिक न्युज एजेन्सी' (आईआरएनए) का अनुसार, एउटा छात्राहरुको विद्यालयमा भएको आक्रमणमा मृत्यु हुनेको संख्या ५३ पुगेको छ ।

एजेन्सीले देशको शिक्षा मन्त्रालयका शनिबार एक प्रवक्तालाई उद्घृत गर्दै यो जानकारी दिएको बीबीसीले उल्लेख गरेको छ । यसअघि एजेन्सीले यो आक्रमण इरानको दक्षिणी होर्मोज्गान प्रान्तको मिनाब काउन्टीमा रहेको छात्राहरूको एउटा प्राथमिक विद्यालयमा भएको बताएको थियो । शिक्षा मन्त्रालयका प्रवक्ताले एजेन्सीलाई बताएअनुसार शनिबार उक्त विद्यालयमा 'तीनवटा क्षेप्यास्त्र आक्रमण' भएका थिए । यस आक्रमणमा ६३ जना घाइते भएको पनि उनले बताए ।

अहिले अन्य सम्भावित पीडितहरुको खोजी गर्न विद्यालयबाट भग्नावशेष हटाउने काम भइरहेको प्रवक्ताले जानकारी दिए । उता, अलजजिराले भने अर्ध-सरकारी 'तस्निम' समाचार एजेन्सीलाई उद्घृत गर्दै दक्षिणी होर्मोज्गान प्रान्तको मिनाबमा रहेको छात्राहरूको एउटा प्राथमिक विद्यालयमा इजरायलले गरेको आक्रमणमा ज्यान गुमाउनेको सङ्ख्या अहिले ८५ पुगेको उल्लेख गरेको छ । *स्रोत : अनलाइनखबर ।*

# छुट्टाछुट्टै घटनामा २ जिल्लामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशको २ जिल्लामा छुट्टाछुट्टै घटनामा २ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र सिन्धुपाल्चोक जिल्लामा २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगरपालिका-२५, छहारीचोकमा बोलेरोको ठक्करबाट घाइते भएका साइकल चालक एक वृद्धको उपचारका क्रममा मृत्यु भएको छ । बुधबार दिउँसो ३ बजेको समयमा अमृतचोकबाट चनौलीतर्फ जाँदै गरेको बा प्र ०३-००१ च १०७७ नम्बरको बोलेरोले साइकललाई ठक्कर दिएको थियो । बोलेरको ठक्करबाट




भरतपुर-२० बस्ने ६५ वर्षीय रामकुमार श्रेष्ठ गम्भीर घाइते भएका थिए । घाइते श्रेष्ठलाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । उपचारको क्रममा शुक्रबार दिउँसो ३ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ ।

सिन्धुपाल्चोकको बलेफी गाउँपालिका-६, अमलटारमा ट्रकको ठक्करबाट एक जना पुरुषको मृत्यु भएको छ । शुक्रबार राती सडकको छेउमा ३५ वर्षीय प्रदिप नेपाली गम्भीर घाइते अवस्थामा फेला परेका थिए । उनलाई उपचारका लागि बाह्रबिसे नगर अस्पताल लगिएको थियो । उनको शनिबार बिहान १ बजेर २० मिनेटको समयमा उपचारको क्रममा मृत्यु भएको डाक्टरले घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । दुर्घटनामा संलग्न बा प्र ०१-००६ ख ३४०५ नम्बरको ट्रक र ट्रकचालक बाह्रबिसे-४ का ३४ वर्षीय अर्जुन न्यौपानेलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ